# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, मंसिर २५ गते २०५८ साल (संख्या ३३

## भाग ३

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम १० ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरूको अनुसूची-१ को क्रमसंख्या ४ मा "भन्सार सञ्चार प्रणाली अधिकृत" र "भन्सार सूचना प्रणाली अधिकृत" पद तथा क्रमसंख्या ५ मा "भन्सार सूचना प्रणाली सहायक" पदहरू थप गरेको छ ।

आज्ञाले,

मुकुन्दप्रसाद अर्ज्याल

श्री ५ को सरकार को सचिव

३३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १३१ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची–११ मा देहायबमोजिम हेरफेर तथा थपघट गरेको छ ।

१. दुर्गम "ख १" शीर्षकको,–

(१) प्रकरण १ मा रहेको "ख १" भन्ने अक्षर तथा अङ्कको सट्टा "क २" भन्ने अक्षर तथा अङ्क राखिएको छ ।

(२) प्रकरण १५) र १६) झिकिएको छ।

२. दुर्गम "ख २" शीर्षकको,–

(१) प्रकरण ६) को सट्टा देहायको प्रकरण ६) राखिएको छ :–

"६) सदरमुकाम बाहेक नवलपरासी र कपिलवस्तु जिल्लाको सम्पूर्ण भाग"।

(२) प्रकरण ६) पछि देहायको प्रकरण ६क.) थपिएको छ।

"६क.) सदरमुकाम र नगरपालिका क्षेत्र बाहेक रुपन्देही जिल्लाको सम्पूर्ण भाग ।"

(३) प्रकरण १०) पछि देहायका प्रकरण ११) र १२) थपिएका छन्ः–

"११) सदरमुकाम बाहेक कैलाली जिल्लाको सम्पूर्ण भाग ।

१२) सदरमुकाम बाहेक कञ्चनपुर जिल्लाको सम्पूर्ण भाग ।"

३. सुगम "ग१" शीर्षकको,–

(१) प्रकरण १) मा रहेका "अति दुर्गम "ख २" भन्ने अक्षर तथा अङ्कहरूको सट्टा "दुर्गम ख २" भन्ने अक्षर तथा अङ्कहरू राखिएका छन् :–

(२) प्रकरण १ पछि देहायको प्रकरण १क.) थपिएको छ :–

"१क.) रुपन्देही जिल्लाको नगरपालिका क्षेत्र।"

आज्ञाले,
महेन्द्रनाथ अर्याल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले सामयिक कर असूल ऐन, २०१२ बमोजिम खण्ड ५१, अतिरिक्ताङ्क २० (क), मिति २०५८ असार २५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा १९ ले दिएको अधिकार प्रयोग गरी सशस्त्र प्रहरीको प्रयोजनको लागि सशस्त्र प्रहरी प्रधान कार्यालयको नाममा पैठारी हुने देहायका सामानहरूमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण रुपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. सशस्त्र प्रहरी पोशाक र सोसँग सम्बन्धित सामानहरू,
२. शान्ति सुरक्षा कायम गर्न आवश्यक पर्ने मेशिनरी औजारहरू,
३. हातहतियार,
४. भीड नियन्त्रणका सामानहरू,
५. अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरू,
६. सशस्त्र प्रहरीले प्रयोग गर्ने सञ्चार सम्बन्धी सामानहरू (सञ्चार मन्त्रालयको सिफारिश बमोजिम),
७. खेलकूद सम्बन्धी सामानहरू,
८. अपराध अनुसन्धानको लागि आवश्यक उपकरण तथा अन्य सामानहरू,
९. विष्फोटक सम्बन्धी सशस्त्र प्रहरीलाई आवश्यक पर्ने सामानहरू,
१०. वैज्ञानिक प्रयोगशालाको लागि चाहिने सामानहरू,
११. दैवी प्रकोप उद्धार कार्यमा प्रयोग हुने सामानहरू,
१२. सवारी साधन एवं सोको पार्टपूर्जाहरू,

आज्ञाले,
डा. बिमलप्रसाद कोइराला
श्री ५ को सरकारको सचिव



३५५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५८ कात्तिक २४ गतेको निर्णयानुसार देहायका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरूलाई देहायअनुसार सरुवा गरिएको छः–

| क.सं. | नाम, थर | साविकको पद र मन्त्रालय | हाल सरुवा भएको पद र मन्त्रालय |
|---|---|---|---|
| १. | श्री श्रीकान्त रेग्मी | सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | सचिव, प्रधानमन्त्रीको कार्यालय |
| २. | श्री रविबहादुर बिष्ट | रा.प. विशिष्ट श्रेणी, अतिरिक्त समूह, सामान्य प्रशासन मन्त्रालय | सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय । |

आज्ञाले,

शशिकान्त मैनाली

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४००

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, पुस २ गते २०५८ साल (संख्या ३४

## भाग ३

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले सामयिक कर असूल ऐन, २०१२ बमोजिम खण्ड ५१, अतिरिक्ताङ्क २०(क), मिति २०५८ असार २५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा १९ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय र अन्तर्गत कार्यरत रही अनुसन्धान कार्यमा संलग्न रहेका प्राध्यापकहरूले देहायबमोजिम कम्प्यूटर आयात गर्दा त्यस्तो कम्प्यूटर सेटमा एक प्रतिशत मात्र भन्सार महसुल लिई नियमानुसार लाग्ने मूल्य अभिवृद्धि करमा ७५ प्रतिशत छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

(१) नेपाल प्राध्यापक संघको सिफारिशमा एक हजार थानसम्म कम्प्यूटर सेट आयात गर्न अनुमति दिईनेछ ।

(२) एक कम्प्यूटर सेटको मूल्य अमेरिकी डलर एक हजार वा सो भन्दा कम हुनुपर्ने छ ।

(३) एक जनाले एक सेट कम्प्यूटर मात्र खरिद गर्न पाउनेछ ।

(४) कर्मचारी सञ्चयकोषबाट ऋण लिएकाहरूको लागि मात्र यो सुविधा उपलब्ध गराइनेछ ।

(५) २०५८ असोज मसान्तसम्ममा एल. सी. खोली पैठारी गर्नेहरूको हकमा मात्र यस्तो सुविधा लागू हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले सामयिक कर असूल ऐन, २०१२ बमोजिम खण्ड ५१, अतिरिक्ताङ्क २० (क), मिति २०५८ असार २५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा १९ ले दिएको अधिकार प्रयोग गरी Save the children, U.S. को नाममा भन्सार महसुल सुविधामा पैठारी भएको गाडी श्री ५ को सरकारलाई हस्तान्तरण गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण रुपमा छूट दिने निर्णय गरेकोले यो सुचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५८ मंसिर १८ गतेको निर्णयानुसार पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, पोखराका क्षेत्रीय प्रशासक श्री ध्रुवजी अधिकारीलाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा राखिएको छ ।

आज्ञाले,
शशिकान्त मैनाली
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकारले अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहायका जिल्लाहरूमध्ये राजपत्राङ्कित प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी रहने जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारी र राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख जिल्ला अधिकारी रहने जिल्लामा प्रमुख जिल्ला अधिकारीलाई समाज कल्याण अधिकृत तोकेको छ ।

| | | | |
|---|---|---|---|
| १. पाँचथर | २. संखुवासभा | ३. उदयपुर | ४. सप्तरी |
| ५. भोजपुर | ६. ओखलढुंगा | ७. दोलखा | ८. सर्लाही |
| ९. महोत्तरी | १०. रौतहट | ११. रसुवा | १२. धादिङ्ग |
| १३. तनहुँ | १४. लमजुङ | १५. स्याङजा | १६. पाल्पा |
| १७. पर्वत | १८. कपिलवस्तु | १९. बर्दिया | २०. जुम्ला |
| २१. हुम्ला | २२. अछाम | २३. बझाङ्ग | २४. डोटी |

आज्ञाले,
प्रतापकुमार पाठक
श्री ५ को सरकारको निमित्त सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

४०३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।